# केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७
## (आर्थिक वर्ष २०७७/०७८)

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

# केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७

**<u>प्रमाणीकरण र प्रदेश राजपत्रमा प्रकाशित मिति</u>**

**२०७७।०४।१६**

**संवत् २०७७ सालको ऐन नं. ७**

**<u>केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐन</u>**

**<u>प्रस्तावना</u>**: प्रचलित प्रदेश ऐनमा समसामयिक सुधार गर्न केही प्रदेश ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यस ऐनको नाम "केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण ऐन, २०७४ मा संशोधन</u>**: प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण ऐन, २०७४ को दफा २ को खण्ड (ख) मा रहेको "प्रदेश नं. ३" भन्ने शब्दहरुको सट्टा "बागमती प्रदेश" भन्ने शब्दहरु राखिएका छन्।

३. **<u>प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा संशोधन</u>**: प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को,-

(१) दफा २ को,-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(क) खण्ड (झ) "सम्झनु पर्छ" भन्ने शब्दको पछाडि "र सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत जनाउँनेछ।" भन्ने शब्दहरु थपिएको छ।

(ख) खण्ड (ञ) मा रहेको "खण्ड (ज)" भन्ने शब्दहरुको सट्टा "खण्ड (झ)" भन्ने शब्दहरु राखिएका छन्।

(ग) खण्ड (ण) मा रहेको "प्रदेश नं. ३" भन्ने शब्दहरुको सट्टा "बागमती प्रदेश" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा ५ को दफा शीर्षक, सोही दफाको उपदफा (२) र (३), दफा ६ को उपदफा (४), दफा १० को उपदफा (२) र दफा १३ को उपदफा (२) को खण्ड (ख) मा रहेको "मध्यकालीन" भन्ने शब्दको सट्टा "मध्यमकालीन" भन्ने शब्द राखिएको छ ।

(३) दफा १९ मा रहेको उपदफा क्रम संख्या "(१)" हटाइएको छ।

(४) दफा २४ को उपदफा (५) मा रहेका "उपदफा (३)" भन्ने शब्दहरुको सट्टा "उपदफा (४)" भन्ने शब्दहरु राखिएको छ ।

(५) दफा ४९ को,-

(क) उपदफा (२) मा रहेको "उपदफा (२)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१)" भन्ने शब्दहरु राखिएको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ख) उपदफा (३) मा रहेको "उपदफा (३)" भन्ने शब्दहरुको सट्टा "उपदफा (२)" भन्ने शब्दहरु राखिएको छ।

(६) दफा ५५ को उपदफा (३) मा रहेको "जरिबानको" भन्ने शब्दको सट्टा "जरिबानाको" भन्ने शब्द राखिएको छ।

४. **<u>स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ मा संशोधनः</u>** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (छ) मा रहेको "प्रदेश नं. ३" भन्ने शब्दहरुको सट्टा "बागमती प्रदेश" भन्ने शब्दहरु राखिएका छन्।

५. **<u>गाउँ/नगर/जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५ मा संशोधनः</u>** गाउँ/नगर/जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५ को दफा २ को खण्ड (घ) मा रहेको "प्रदेश नं. ३" भन्ने शब्दहरुको सट्टा "बागमती प्रदेश" भन्ने शब्दहरु राखिएका छन्।

६. **<u>प्रदेश वित्तीय हस्तान्तरण ऐन, २०७५ मा संशोधनः</u>** प्रदेश वित्तीय हस्तान्तरण ऐन, २०७५ को दफा २ को खण्ड (ख) मा रहेको "प्रदेश नं. ३" भन्ने शब्दहरुको सट्टा "बागमती प्रदेश" भन्ने शब्दहरु राखिएका छन्।

७. **<u>प्रदेश आकस्मिक कोष ऐन, २०७५ मा संशोधनः</u>** प्रदेश आकस्मिक कोष ऐन, २०७५ को दफा २ को खण्ड (ख) मा रहेको "प्रदेश नं. ३" भन्ने शब्दहरुको सट्टा "बागमती प्रदेश" भन्ने शब्दहरु राखिएका छन्।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

८. **कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ मा संशोधन**: कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (ठ) मा रहेको "प्रदेश नं. ३" भन्ने शब्दहरुको सट्टा "बागमती प्रदेश" भन्ने शब्दहरु राखिएका छन्।

९. **मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाको शर्त सम्बन्धी ऐन, २०७५ मा संशोधन**: मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाको शर्त सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (ख) र अनुसूचीमा रहेको "प्रदेश नं. ३" भन्ने शब्दहरुको सट्टा "बागमती प्रदेश" भन्ने शब्दहरु राखिएका छन्।

१०. **मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा अन्य सुविधा सम्बन्धी ऐन, २०७५ मा संशोधन**: मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा अन्य सुविधा सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (क) मा रहेको "प्रदेश नं. ३" भन्ने शब्दहरुको सट्टा "बागमती प्रदेश" भन्ने शब्दहरु राखिएका छन्।

११. **प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ मा संशोधन**: प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ को खण्ड (क) मा रहेको "प्रदेश नं. ३" भन्ने शब्दहरुको सट्टा "बागमती प्रदेश" भन्ने शब्दहरु राखिएका छन्।

१२. **प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ मा संशोधन**: प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (घ) र (छ) मा रहेको "प्रदेश नं. ३" भन्ने शब्दहरुको सट्टा "बागमती प्रदेश" भन्ने शब्दहरु राखिएका छन्।

१३. **प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ मा संशोधन**: प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

ऐन, २०७५ को दफा २ को खण्ड (घ) र अनुसूचीमा रहेको "प्रदेश नं. ३" भन्ने शब्दहरुको सट्टा "बागमती प्रदेश" भन्ने शब्दहरु राखिएका छन्।

१४. **<u>प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५ मा संशोधन</u>**: प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५ को दफा २ को खण्ड (ङ) मा रहेको "प्रदेश नं. ३" भन्ने शब्दहरुको सट्टा "बागमती प्रदेश" भन्ने शब्दहरु राखिएका छन्।

१५. **<u>प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ मा संशोधन</u>**: प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ को दफा २ को खण्ड (छ) पछि देहायको खण्ड (छ१) थपिएको छः-

"(छ१) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।"

१६. **<u>प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ मा संशोधन</u>**: प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ को,-

(१) दफा २ को,-

(क) खण्ड (ञ) मा रहेको "प्रदेश नं. ३" भन्ने शब्दहरुको सट्टा "बागमती प्रदेश" भन्ने शब्दहरु राखिएका छन्।

(ख) खण्ड (द) मा रहेको "निजी तथा सार्वजनिक" भन्ने शब्दहरुको सट्टा "निजी, सहकारी, सामुदायिक, गैरसरकारी तथा सार्वजनिक" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा ११ को,-

(क) उपदफा (२) मा रहेको "अनुगमन समितिलाई" भन्ने शब्दहरुको सट्टा "प्राविधिक समितिलाई" भन्ने शब्दहरु राखिएका छन्।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ख) उपदफा (३) मा रहेको "अनुगमन समितिको" भन्ने शब्दहरुको सट्टा "प्राविधिक समितिको" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा २२ को उपदफा (२) को,-

(क) खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छः-

"(ङ१) प्रमुख, जनस्वास्थ्य महाशाखा (स्वास्थ्य सम्बन्धी नीति तथा योजना हेर्ने), मन्त्रालय - सदस्य"

(ख) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) प्रमुख, अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा, मन्त्रालय - सदस्य-सचिव"

(४) दफा २५ को उपदफा (२) को,-

(क) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) प्रमुख, अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा, मन्त्रालय -संयोजक"

(ख) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) प्रमुख, जनस्वास्थ्य महाशाखा (स्वास्थ्य सम्बन्धी नीति तथा योजना हेर्ने), मन्त्रालय- सदस्य"



आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(ग) खण्ड (घ) झिकिएको छ।

(घ) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) आयुर्वेद चिकित्सक, मन्त्रालय -सदस्य"

(ङ) खण्ड (च) मा रहेको "सदस्य सचिव" भन्ने शब्दहरुको सट्टा "सदस्य" भन्ने शब्द राखिएको छ।

(च) खण्ड (च) पछि देहायको खण्ड (छ) थपिएको छः-

"(छ) जनस्वास्थ्य अधिकृत, मन्त्रालय -सदस्य-सचिव"

(५) दफा २५ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) प्राविधिक समितिले आफ्नो काम, कर्तव्य र अधिकार कार्यान्वयन गर्नको लागि उपसमिति बनाई कार्यसम्पादन गर्न सक्नेछ।"

(६) दफा ६५ को उपदफा (१) मा रहेको "गर्नेछ" भन्ने शब्दको सट्टा "गर्न सक्नेछ" भन्ने शब्दहरु राखिएका छन्।

(७) दफा ८४ पछि देहायको दफा ८४क. थपिएको छः-

**"८४क. <u>अधिकार प्रत्यायोजनः</u>** मन्त्रालयले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकारहरु आफ्नो मातहतका कार्यालयलाई प्रत्यायोजन गर्न सक्नेछ।"

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

१७. **<u>प्रदेश संस्था दर्ता ऐन, २०७५ मा संशोधनः</u>** प्रदेश संस्था दर्ता ऐन, २०७५ को दफा २ को खण्ड (घ) मा रहेको "प्रदेश नं. ३" भन्ने शब्दहरुको सट्टा "बागमती प्रदेश" भन्ने शब्दहरु राखिएका छन्।

१८. **<u>प्रदेश कार्य सञ्चालन कोष ऐन, २०७५ मा संशोधनः</u>** प्रदेश कार्य सञ्चालन कोष ऐन, २०७५ को दफा २ को खण्ड (ख) मा रहेको "प्रदेश नं. ३" भन्ने शब्दहरुको सट्टा "बागमती प्रदेश" भन्ने शब्दहरु राखिएका छन्।

१९. **<u>प्रदेश खेलकुद विकास ऐन, २०७५ मा संशोधनः</u>** प्रदेश खेलकुद विकास ऐन, २०७५ को,-

(१) दफा २ को खण्ड (च) मा रहेको "प्रदेश नं. ३" भन्ने शब्दहरुको सट्टा "बागमती प्रदेश" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा ३ को खण्ड (ज) मा रहेको "फरक क्षमता भएका" भन्ने शब्दहरुको सट्टा "अपाङ्गता भएका" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा ५ को खण्ड (क) मा रहेको "प्रदेश नं. ३" भन्ने शब्दहरुको सट्टा "बागमती प्रदेश" भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा ७ को उपदफा (१) को खण्ड (क) मा रहेको "प्रदेश नं. ३" भन्ने शब्दहरुको सट्टा "बागमती प्रदेश" भन्ने शब्दहरु राखिएका छन्।

(५) दफा ११ को खण्ड (ड) मा रहेको "फरक क्षमता भएका" भन्ने शब्दहरुको सट्टा "अपाङ्गता भएका" भन्ने शब्दहरु राखिएका छन्।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

२०. **<u>प्रदेश प्राविधिक तथा व्यवसायिक शिक्षा एवं तालिम परिषद ऐन, २०७५ मा संशोधन</u>**: प्रदेश प्राविधिक तथा व्यवसायिक शिक्षा एवं तालिम परिषद ऐन, २०७५ को,-

(१) दफा २ को खण्ड (ग) मा रहेको "प्रदेश नं. ३" भन्ने शब्दहरुको सट्टा "बागमती प्रदेश" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा ४ मा रहेको उपदफा "(१)" क्रमसंख्या हटाइएको छ।

(३) दफा ४ को खण्ड (क) मा रहेको "प्रदेश नं. ३" भन्ने शब्दहरुको सट्टा "बागमती प्रदेश" भन्ने शब्दहरु राखिएका छन्।

२१. **<u>प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ मा संशोधन</u>**: प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ को,-

(१) दफा २ को,-

**(क)** खण्ड (क) पछि देहायको खण्ड (क१) र (क२) थपिएका छन्:-

"(क१) "अनलाइन पत्रकारिता" भन्नाले इन्टरनेटमा आधारित प्रविधिको प्रयोग गरी समाचार, सूचना, विचार वा श्रव्यदृश्य लगायतका समाचारमूलक वा जानकारीमूलक सामग्रीहरुको उत्पादन, प्रकाशन वा प्रसारण वा वितरणको प्रयोजनका लागि समाचार लेखन, सूचना तथा दृश्य संकलन एवं सम्पादन सम्बन्धी प्राविधिक कार्य सम्झनु पर्छ।"

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

"(क२) "अनलाइन सञ्चार माध्यम" भन्नाले प्रचलित कानून बमोजिम स्थापना वा दर्ता भई पत्रकारिता र सम्पादकीय सिद्धान्त अंगिकार गरी इन्टरनेटको माध्यममा संकेत, चिन्ह, अक्षर, आवाज, ग्राफिक्स, गीत संगीत, भिडियो, एनिमेसन तथा विभिन्न बहुमाध्यम (मल्टिमडिया) को प्रयोग गरी सन्देशमूलक वा विषयगत विचार सूचना तथा समाचार, तस्विर, श्रव्यदृश्यको रुपमा उत्पादन, प्रकाशन, प्रसारण वा वितरण गर्ने विधि, प्रक्रिया र माध्यम सम्झनु पर्छ।"

**(ख)** खण्ड (ज) मा रहेको "प्रदेश नं. ३" भन्ने शब्दहरुको सट्टा "बागमती प्रदेश" भन्ने शब्दहरु राखिएका छन्।

**(ग)** खण्ड (ड) पछि देहायको खण्ड (ड१) थपिएको छः-

"(ड१) "रेडियो उपकरण" भन्नाले यस ऐनमा फ्रिक्वेन्सी मोडुलेसन प्रसारण प्रणाली सञ्चालनका लागि प्रयोग हुने रेडियो ट्रान्समिटर र सोसँग सम्बन्धित अन्य उपकरण मात्र सम्झनु पर्छ।"

(२) दफा ३ मा रहेको "देखि" भन्ने शब्दको सट्टा "भन्दा माथि" भन्ने शब्दहरु राखिएका छन्।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(३) दफा ५ मा रहेको "टेलिभिजन" शब्दको अगाडि "केबुलमा आधारित" भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा ६ को उपदफा (१) को खण्ड (ङ) पछि देहायको खण्ड (च) थपिएको छः-

"(च) तोकिए बमोजिमको अन्य कागजात।"

(५) दफा ८ पछि देहायको दफा ८क. थपिएको छः-

"८क. <u>**रेडियो उपकरण अनुमतिपत्र सम्बन्धी व्यवस्थाः**</u> (१) कार्यालयले आवश्यक प्रक्रिया पूरा गरी संघीय कानून बमोजिम मापदण्ड पुगेका उपकरणहरु तोकिएका अनुमति प्राप्त विक्रेताबाट खरिद गर्ने प्रमाणका आधारमा रेडियो उपकरण लाईसेन्स जारी गर्न सक्नेछ।

(२) रेडियो उपकरण अनुमतिपत्रको ढाँचा तोकिए बमोजिम हुनेछ।"

(६) दफा १० को उपदफा (१) मा रहेको "भएको तीन महिनाभित्र" भन्ने शब्दहरुको सट्टा "हुनु अगावै रेडियो उपकरण अनुमतिपत्र समेतको" भन्ने शब्दहरु राखिएका छन् ।

(७) दफा १२ को उपदफा (२) मा रहेको "उपदफा (२)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१)" भन्ने शब्दहरु राखिएका छन् ।

(८) दफा १३ को उपदफा (१) मा रहेको " वितरण गरी सञ्चालन गर्न चाहेमा सञ्चार रजिष्ट्रारको कार्यालयमा शुल्क बुझाउनु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "प्रसारण तथा वितरण गरे बापत सञ्चार रजिष्ट्रारको कार्यालयमा

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

प्रसारण तथा वितरण शुल्क (रोयल्टी) बुझाउनु पर्नेछ।" भन्ने शब्दहरु राखिएका छन् ।

(९) दफा २७ झिकिएको छ ।

(१०)दफा २७ पछि देहायको दफा २७क. थपिएको छ :-

"**२७क. <u>अनलाइन सञ्चार माध्यमको दर्ता</u>**:(१) अनलाइन सञ्चार माध्यम सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिमको विवरण सहित सञ्चार रजिष्ट्रार समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन दिने व्यक्ति वा संस्थालाई सञ्चार रजिष्ट्रारले कागजात अध्ययन गर्दा अनलाइन सञ्चार माध्यम दर्ता गर्न मनासिव देखेमा दर्ता प्रमाणपत्र प्रदान गर्न सक्नेछ।

(३) अनलाइन सञ्चार माध्यमलाई सञ्चार रजिष्ट्रारले दर्ता किताब र विद्युतीय अभिलेखमा राख्नु पर्नेछ।

(४) संघीय कानून बमोजिम दर्ता भएका अनलाइन सञ्चार माध्यमहरुले यस ऐन बमोजिम सञ्चालन हुन चाहेमा अभिलेखीकरणका लागि निवेदन दिनु पर्नेछ र यसरी अभिलेखीकरण हुन आएका अनलाइन सञ्चार माध्यम यसै कानून बमोजिम दर्ता भएको मानिनेछ।

(५) अनलाइन सञ्चार माध्यमको दर्ता तथा अभिलेख सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(११)दफा ३३ पछि देहायको दफा ३३क. थपिएको छः-



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

"३३क. **<u>बिदा एवं भ्रमण आदेश स्वीकृत गर्ने अधिकारी:</u>** सञ्चार रजिष्ट्रारको बिदा एवं देश भित्र गर्ने भ्रमण आदेशको स्वीकृत गर्ने अधिकारी मन्त्रालयको सचिव हुनेछ।"

(१२) दफा ४६ को उपदफा (३) मा रहेको "रजिष्ट्रार" भन्ने शब्दको सट्टा "रजिष्ट्रारले" भन्ने शब्दहरु राखिएका छन्।

(१३) दफा ५३ को उपदफा (१) मा रहेको "लामो समय" भन्ने शब्दहरुको सट्टा "कम्तीमा निरन्तर तीस वर्ष अवधि" भन्ने शब्दहरु राखिएका छन्।

(१४) दफा ५५ को उपदफा (१) मा रहेको "संकलन" भन्ने शब्दपछि "भण्डारण, प्रशोधन र वितरण" भन्ने शब्दहरु राखिएका छन्।

२२. **<u>प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ मा संशोधन:</u>** प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ को,-

(१) दफा २ को खण्ड (न) मा रहेका "प्रदेश नम्बर तीन" भन्ने शब्दहरुको सट्टा "बागमती प्रदेश" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा १९६ को उपदफा (१) मा रहेको "अन्धो" भन्ने शब्दको सट्टा "दृष्टिविहीन" भन्ने शब्द राखिएका छन्।

(३) अनुसूची-४, ५, ६, ७ र ८ मा रहेको "प्रदेश नं. ३" शब्दहरुको सट्टा "बागमती प्रदेश" भन्ने शब्दहरु राखिएका छन्।

(४) अनुसूची-५ मा रहेको "province no 3" भन्ने शब्दहरुको सट्टा "Bagamati Province" भन्ने शब्दहरु राखिएका छन्।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

२३. **<u>प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७६ मा संशोधन</u>**: प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७६ को,-

(१) दफा २ को खण्ड (ञ) मा रहेका "प्रदेश नं. ३" भन्ने शब्दहरुको सट्टा "बागमती प्रदेश" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा ४३ को उपदफा (२) को,-

(क) खण्ड (घ) मा रहेका "प्रदेश नं. ३" भन्ने शब्दहरुको सट्टा "बागमती प्रदेश" भन्ने शब्दहरु राखिएका छन्।

(ख) खण्ड (ङ) मा रहेका "प्रदेश नं. ३" भन्ने शब्दहरुको सट्टा "बागमती प्रदेश" भन्ने शब्दहरु राखिएका छन्।

२४. **<u>प्रदेश सहकारी ऐन, २०७६ मा संशोधन</u>**: प्रदेश सहकारी ऐन, २०७६ को,-

(१) दफा २ को खण्ड (ङ) मा रहेको "प्रदेश नं. ३" भन्ने शब्दहरुको सट्टा "बागमती प्रदेश" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा १८ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) सहकारी मार्फत आर्थिक समृद्धि र विकास प्राप्त गर्न दुई वा दुईभन्दा बढी संस्था वा संघले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन, प्रशोधन वा सेवाको बजारीकरणको लागि यस ऐनको अधीनमा रही आवश्यक कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछन्।"

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(३) दफा ७३ को,-

**(क)** उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) मन्त्रालायले सहकारी संस्थाको दर्ता, नियमन लगायतका अन्य सम्पूर्ण कार्य सम्पादन गर्न प्रदेश निजामती सेवाको अधिकृतस्तरको नवौं/दशौं तहको पदमा कार्यरत कर्मचारीलाई प्रदेश सहकारी विभागको रजिष्ट्रारको रुपमा कार्य गर्ने गरी तोक्न सक्नेछ।"

**(ख)** उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले प्रदेश सहकारी विभागको गठन नभएसम्म मन्त्रालयको सहकारी हेर्ने महाशाखाको प्रमुखलाई रजिष्ट्रारको रुपमा कार्य गर्ने गरी तोक्न सक्नेछ।"

(४) दफा ११३ को खण्ड (ङ) पछि देहायको खण्ड (च) थपिएको छः-

"(च) कैद वा कैद र जरिबाना दुबै हुने कसूर सम्बन्धी विषयको मुद्दा हेर्ने अधिकारी, उजुरी दिने हदम्याद र पुनरावेदन गर्न सक्ने विषयहरु।"

(५) दफा १२० को उपदफा (१) को खण्ड (झ) पछि देहायको खण्ड (झ१) थपिएको छः-

"(झ१) कानून अधिकृत, मन्त्रालय -सदस्य"

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(६) अनुसूची-२ मा रहेको "प्रदेश नं. ३" भन्ने शब्दहरुको सट्टा "बागमती प्रदेश" भन्ने शब्दहरु राखिएका छन्।

२५. **<u>प्रदेश बीउ बिजन ऐन, २०७६ मा संशोधन</u>:** प्रदेश बीउ बिजन ऐन, २०७६ को दफा २ को खण्ड (च), दफा ३ को उपदफा (२) को खण्ड (ग) र (छ) मा रहेको "प्रदेश नं. ३" भन्ने शब्दहरुको सट्टा "बागमती प्रदेश" भन्ने शब्दहरु राखिएका छन्।

२६. **<u>कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७६ मा संशोधन</u>:** कृषि व्यवसाय प्रवर्धन ऐन, २०७६ को,-

(१) दफा २ को,-

(क) खण्ड (न) मा रहेको "प्रदेश नं. ३" भन्ने शब्दहरुको सट्टा "बागमती प्रदेश" भन्ने शब्दहरु राखिएका छन्।

(ख) खण्ड (न) पछि देहायको खण्ड (न.१) थपिएको छः-

"(न.१) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।"

(२) दफा २७ को उपदफा (१) पछिको उपदफा क्रमसंख्या "(४)" को सट्टा उपदफा क्रमसंख्या "(२)" राखिएको छ।

२७. **<u>विभूषण सिफारिस तथा सम्मान र पदक सम्बन्धी ऐन, २०७६ मा संशोधन</u>:** विभूषण सिफारिस तथा सम्मान र पदक सम्बन्धी ऐन, २०७६ को,-

(१) दफा २ को खण्ड (क) मा रहेको "प्रदेश नं. ३" भन्ने शब्दहरुको सट्टा "बागमती प्रदेश" भन्ने शब्दहरु राखिएका छन्।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(२) दफा ७ को उपदफा (२) मा रहेको प्रदेश प्रहरी भन्ने शब्दहरु पछि "प्रदेश अनुसन्धान ब्यूरो" भन्ने शब्दहरु राखिएका छन्।

२८. **<u>प्रदेश जलचर संरक्षण र व्यवस्थापन ऐन, २०७६ मा संशोधनः</u>** प्रदेश जलचर संरक्षण र व्यवस्थापन ऐन, २०७६ को दफा २ को खण्ड (च) मा रहेको "प्रदेश नम्बर तीन" भन्ने शब्दहरुको सट्टा "बागमती प्रदेश" भन्ने शब्दहरु राखिएका छन्।

२९. **<u>मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ मा संशोधनः</u>** मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ को,-

(१) दफा २ को खण्ड (ज) मा रहेको "प्रदेश नं. ३" भन्ने शब्दहरुको सट्टा "बागमती प्रदेश" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा २६ को उपदफा (१) मा रहेको "प्रदेश स्वास्थ्य सेवाका कुनै कर्मचारीलाई" भन्ने शब्दहरुको सट्टा "प्रदेश सरकारका कुनै कर्मचारीलाई" शब्दहरु राखिएका छन्।

(३) दफा ३४ को उपदफा (३) को स्पष्टीकरण खण्डमा रहेको "दफाको" भन्ने शब्दको सट्टा "ऐनको" भन्ने शब्द राखिएको छ।

३०. **<u>प्रदेश राष्ट्रिय वन ऐन, २०७६ मा संशोधनः</u>** प्रदेश राष्ट्रिय वन ऐन, २०७६ को दफा २ को खण्ड (द) र (न) मा रहेको "प्रदेश नं. ३" भन्ने शब्दहरुको सट्टा "बागमती प्रदेश" भन्ने शब्दहरु राखिएका छन्।

३१. **<u>प्रदेश लोक सेवा आयोग ऐन, २०७६ मा संशोधनः</u>** प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा २ को खण्ड (च) र (ठ)

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

मा रहेको "प्रदेश नं. ३" भन्ने शब्दहरुको सट्टा "बागमती प्रदेश" भन्ने शब्दहरु राखिएका छन्।

३२. <u>**प्रदेश सूचनाको हक सम्बन्धी ऐन, २०७६ मा संशोधनः**</u> प्रदेश सूचनाको हक सम्बन्धी ऐन, २०७६ को दफा २ को खण्ड (घ) मा रहेको "प्रदेश नं. ३" भन्ने शब्दहरुको सट्टा "बागमती प्रदेश" भन्ने शब्दहरु राखिएका छन्।

३३. <u>**सार्वजनिक, निजी, सहकारी साझेदारी ऐन, २०७६ मा संशोधनः**</u> सार्वजनिक, निजी, सहकारी साझेदारी ऐन, २०७६ को दफा २ को खण्ड (च) मा रहेको "प्रदेश नं. ३" भन्ने शब्दहरुको सट्टा "बागमती प्रदेश" भन्ने शब्दहरु राखिएका छन्।

३४. <u>**प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ मा संशोधनः**</u> प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ को,-

(१) दफा (२) को खण्ड (ड) पछि देहायको खण्ड (ड१) थपिएको छः-

"(ड१) "प्रदेश" भन्नाले "बागमती प्रदेश" सम्झनु पर्छ।"

(२) दफा २ को खण्ड (ढ), (ण) र अनुसूची -३ मा रहेको "प्रदेश नं. ३" भन्ने शब्दहरुको सट्टा "बागमती प्रदेश" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा १५ को उपदफा (२) र (३) मा रहेको "प्राइभेट" भन्ने शब्दको सट्टा "साझेदारी" भन्ने शब्द राखिएको छ।

३५. <u>**प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ मा संशोधनः**</u> प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा २ को खण्ड (झ),

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ञ), (ट) र (ढ) मा रहेको "प्रदेश नं. ३" भन्ने शब्दहरुको सट्टा "बागमती प्रदेश" भन्ने शब्दहरु राखिएका छन्।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश